# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा

## बढुवा तर्फको दरखास्त संकलन गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

सूचना नं.:- १०३/२०८१-८२ मितिः-२०८१/७/१४

आयोगको मिति २०८१/५/३१ गते प्रकाशित प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फ जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको विज्ञापनका सम्बन्धमा सम्मानित अदालतहरुबाट रिट नं. ०८१-WO-०४५२, ०८१-WO-०१८०, ०८१-WO-०१८९, ०८१-WO-०२०३, ०८१-WO-०२०२, ०८१-WO-०२०४ का मुद्दाका सन्दर्भमा "*उल्लिखित कानूनी व्यवस्था र कर्मचारीको वृत्ति विकाससँग सम्बन्धित बढुवाको विषयलाई मनन गरी सुविधा र सन्तुलन (Balance of convenience) समेतको दृष्टिकोणले प्रस्तुत मुद्दामा सेवाकालीन तालिमको प्रमाणपत्र पेश गर्न नसक्ने निवेदक कर्मचारीहरुसमेतलाई उक्त सूचना नं. २७, २८ मा सहभागी हुन पाउने गरी प्रस्तुत आदेशानुसार निज निवेदकहरुको दरखास्त आवदेन फाराम लिई बढुवाको उक्त सूचनासँग सम्बन्धित विज्ञापन बमोजिमको आन्तरिक मूल्याङ्कनमा सहभागी गराउनु*" भन्ने आदेश प्राप्त भएकोले सम्मानित अदालतबाट भएको आदेशको कार्यान्वयन गर्ने सन्दर्भमा वृत्ति विकासमा समान अवसर स्थापित गर्न सेवाकालीन तालिमको अभावमा दरखास्त फाराम स्वीकृत हुन नसकेका वा दरखास्त पेश गर्न नपाएका उम्मेदवारहरूको लागि दरखास्त पेश गर्न प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ को नियम १३ बमोजिमका शर्तको अधिनमा रहने गरी दरखास्त बुझाउने म्याद दिई दरखास्त संकलन गर्ने आयोगको मिति २०८१/७/१३ गतेको निर्णयले नीतिगत व्यवस्था गरेको हुँदा सम्बन्धित उम्मेदवारले देहाय बमोजिमको म्याद भित्र दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. आयोगको मिति २०८१/५/३१ गतेको बढुवा सूचना बमोजिमका सम्भाव्य उम्मेदवारहरूले मिति २०८१/७/१४ गते देखि मिति २०८१/७/२८ गते सम्म।

२. आयोगको मिति २०८१/६/३० गतेको बढुवा सूचना बमोजिमका सम्भावित उम्मेदवारहरुको हकमा सोही सूचना बमोजिम तोकिएको म्याद भित्र।

प्रकाश गुरुङ्ग
(उपसचिव)

☎: ०२१-४२२०७५ ✉: koshipsc@gmail.com psc.koshi.gov.np